स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक




फिल्म 'होस्टेल'को तेस्रो श्रृंखला निर्माणको तयारीमा छ । हाल वर्कसप र कलाकार अनुबन्धित प्रक्रियामा रहेको फिल्मका निर्माताले छायांकनभन्दा अगावै प्रदर्शन मिति घोषणा गरेका छन् । फिल्मलाई ग्याल्पो ल्होछारको सार्वजनिक विदा पारेर आगामी फागुन १६ गतेदेखि प्रदर्शन गरिने भएको छ । यसको दुई दिनअघि अर्थात् फागुन १४ गते भने फिल्म "लाज शरणम्" प्रदर्शनको तयारीमा छ ।

**आजको विचार...**



तानसेनकौ... (दुई पेजमा)

किरण चित्रकार




आगामी भदौ १४ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'वर एण्ड वधु'को दोस्रो गीत सार्वजनिक गरिएको छ । 'इतिहासमै चर्चा चल्छ' बोलको डान्सिङ गीतमा 'कोभन्दा को कम' भन्ने शैलीमा बिहे गर्न तम्सिएका दुई परिवारबीचको घम्साघम्सीलाई देखाइएको छ । जसमा आँचल शर्मा, विवेक कर्माचार्य, गरिमा शर्मा, विजु पार्की, कुसुम शर्मा लगायतका कलाकारहरु नृत्य गर्दै प्रस्तुत छन् । गीतमा राजेशपायल राई र मेलिना राईको स्वर, अर्जुन पोखरेलको संगीत र मुक्ता उदासको शब्द रचना छ ।


❑ वर्ष ३० ❑ अंक २० ❑ २०८१ साउन २० गते आइतबार 4 August 2024, Sunday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-


## संक्षिप्त समाचार

### आज काठमाडौँमा सार्वजनिक बिदा



**पाल्पा,** साउन १९/सरकारले आज काठमाडौँ उपत्यकाका तीन जिल्लामा सार्वजनिक बिदा दिएको छ । आइतबार मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा रहेकाले सार्वजनिक बिदा दिइएको हो ।

जात्राको सन्दर्भमा उपत्यकाका काठमाडौँ, ललितपुर र भक्तपुरमा सार्वजनिक बिदा दिने निर्णय भएको गृह मन्त्रालयले सूचनामार्फत जानकारी गराएको छ । सरकारले परम्परागत रुपमै भोटो देखाउने जात्राका अवसरमा प्रत्येक वर्ष उपत्यकामा सार्वजनिक बिदा दिँदै आएको छ ।

ललितपुरमा रातो मत्स्येन्द्रनाथको भोटो जात्रा देखाइनेछ । जात्रा देखाइसकेपछि मत्स्येन्द्रनाथलाई रथबाट ओराली खटमा राखी बाजागाजासहित बुङमति पुऱ्याइन्छ । परम्पराअनुसार रातो मस्त्येन्द्रनाथलाई सूर्य दक्षिणायण हुँदा ६ महिना बुङमती र उत्तरायण हुँदा ६ महिना पाटनमा राख्ने चलन छ ।

## काभा महिला भलिबल

# भारतविरुद्ध नेपालको ऐतिहासिक जित

## नेपाल ३-२ सेटले विजयी

**सविन भट्टराई**

**काठमाडौँ,** साउन १९/काभा महिला भलिबल नेसन्स लिगको उपाधि जित्ने लक्ष्यसहित मैदानमा उत्रिएको नेपालको राष्ट्रिय महिला भलिबल टोलीले भारतविरुद्ध ऐतिहासिक जित हात पारेको छ । नेपालले शनिबार घरेलु मैदान काठमाडौँको त्रिपुरेश्वरस्थित कबर्ड हलमा भएको प्रतिस्पर्धामा ३-२ को सेटमा भारतलाई हराएउँदै ऐतिहासिक जित निकालेको हो ।

नेपाल र भारत बीचको अन्तिम सेट निकै प्रतिस्पर्धात्मक बनेको थियो । नेपालले पाँचौ सेटमा १५-१३ बनाएर जित आफ्नो पक्षमा पारेको हो । पहिलो सेट नेपालले सहजै २५-१८ ले सहजै आफ्नो पक्षमा पारेको थियो । दोस्रो सेट नेपालले १२-२५ ले सेट गुमायो । तेस्रो सेटमा भने नेपालले पहिलो सेटकै प्रदर्शनलाई निरन्तरता दिँदै २५-१७ ले सहजै जित निकाल्यो । प्रतिस्पर्धात्मक बनेको चौथो सेट नेपालले १८-२५ ले गुमाउन पुग्यो । पाँचौ सेटमा १५-१३ को जित निकाल्यो । यस जितसँगै नेपालको दुई खेलबाट ५ अंक पुगेको छ । तीन खेल खेलेको भारत ७ अंक जोडेर शीर्ष स्थानमा



छ । भारतलाई नेपालले पहिलो पटक पराजित गरेको हो ।

नेपाल र भारतबीचको खेलले सन् २०१९ मा भएको १३ औं दक्षिण एसियाली खेलकुदको फाइनललाई बिर्साउँदै यस पटक सफलता हात पारेको हो । त्यतिबेला पनि भारतले अन्तिममा खेल जितेर नेपालबाट स्वर्णपदक खोसेको थियो । पहिलो दुई सेट जितेर स्वर्ण पदक नजिक पुगेको नेपाल अन्तिममा पराजित भएको थियो ।

प्रतियोगितामा नेपालसँगै इरान, भारत, श्रीलंका र माल्दिभ्सले प्रतियोगिता भाग लिएका छन् । यस प्रतियोगितामा सबैभन्दा बलियो प्रतिद्वन्द्वी भारत हो । गत मेमा मात्र फिलिपिन्समा सम्पन्न एभिसी वुमन्स च्यालेन्ज कपमा भारतले प्रभावकारी प्रदर्शन गरेको थियो । १० राष्ट्र सहभागी च्यालेन्ज कपमा पाँचौं भएको भारतले समूहचरण र प्लेअफमा गरेर इरानलाई दुई पटक हराएको थियो ।

इरानविरुद्ध भारतले दुवै खेल सोझो सेटमा आफ्नो बनाएको हो । त्यसैले भारत काठमडौंमा जारी काभा महिला नेसन्स लिगमा सबैभन्दा बलियो दाबेदार रहने प्रक्षेपण गरिएको थियो । इरानले पनि च्यालेन्ज कपमा राम्रो प्रदर्शन गरेको थियो । उक्त प्रतियोगितामा छैटौं भएको टोली हो इरान ।

नेपालका लागि भारतसँगै इरान कठिन प्रतिद्वन्द्वी हुन् । प्रतियोगितामा शीर्ष चार टोली सेमिफाइनल खेल्नेछन् । नेपालले पहिलो खेलमा श्रीलंकालाई ३-० को सोझो सेटमा हराएको थियो । भारतले पहिलो खेलमा इरानलाई ३-१ र दोस्रो खेलमा माल्दिभ्सलाई ३-० को सोझो सेटमा हराएको थियो ।

## सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफुकलगायतका गलत परम्परागत विधितिर नलागौं ।


नेपाल सरकार

**विज्ञापन बोर्ड**


# गुल्मीमा लक्ष्यभन्दा बढी मुद्दा फस्र्यौट

**सरस्वती जिसी**

**गुल्मी,** साउन १९/जिल्ला अदालत गुल्मीले आर्थिक वर्ष २०८०/०८१ मा लक्ष्यभन्दा बढी मुद्दा फस्र्यौट गरेको छ । अदालतले आर्थिक वर्ष २०८० को भदौदेखी २०८१ असार मसान्तसम्म ४ सय ८० थान मुद्दा फस्र्यौट गरेको हो ।

उक्त वर्ष वार्षिक फस्र्यौट लक्ष्य ४ सय ५४ रहेकोमा ४ सय ८० वटा मुद्दा फस्र्यौट भएको अदालतका स्रेस्तेदार सुदर्शन खनालले बताए । उनका अनुसार लक्ष्य भन्दा २६ थान अर्थात् १०५ दशमलव ७२ प्रतिशत मुद्दा फस्र्यौट भएका हुन् । त्यसैगरी जिम्मेवारी सरी आएका मुद्दाको संख्या १ सय ३६ थान र ५ सय ३८ थान नयाँ मुद्दा दर्ता हुन आई जम्मा ६ सय ७४ थान मुद्धाको लगत रहेकोमा गत वर्ष जिम्मेवार सरी आएका १ सय ३१ थान र अहिले दर्ता भएका मुद्दा मध्ये ३



सय ४९ थान मुद्दा फस्र्यौट भएका छन् । १ सय ९४ थान मुद्दा भने फस्र्यौट हुन बाँकी रहेका छन् ।

जसको फस्र्यौट प्रतिशत ७१ दशमलव १२ प्रतिशत रहेको छ । गत आर्थिक बर्षमा सबैभन्दा बढी मुद्दाको लगत ३ सय ८३ रहेको थियो । जसमध्ये ३ सय १० थान मुद्दा फस्र्यौट हुन गई ७३ थान मुद्दा बाँकी रहेको अदालतका स्रेस्तेदार खनालले बताए । त्यसैगरी पुरुषवादी भएका सम्बन्ध विच्छेद्का मुद्दा ६५ थान रहेकोमा ४३ थान मुद्दा फस्र्यौट भई २२ थान मुद्दा चालु अवस्थामा रहेका छन् । महिलावादी भएका सम्बन्ध विच्छेदका मुद्दा ३ सय १८ थान रहेकोमा २ सय ६७ थान मुद्दा फस्र्यौट भई ५१ थान मुद्दा चालु अवस्थामा रहेको अदालतका सूचना अधिकारी कमल पन्थीले बताए । जवरजस्ती करणी, हाड्नाताकरणी सम्बन्धी मुद्दा १८ थान रहेकोमा ८ थान मुद्दा फस्र्यौट भई १० थान मुद्दा चालु अवस्थामा रहेका छन् । विशेष प्रकृतिका निवेदन अर्न्तगत मृत्युको न्यायिक घोषणा सम्बन्धी ३० थान लगत रहेकोमा २१ थान फस्र्यौट भई ९ थान बाँकी रहेका छन् । दर्ताद्वारा विवाह ११ थान दर्ता भई पुरै फस्र्यौट भएका छन् । अधिकृत वारेसनामा ४ थान दर्ता भई सबै फछ्यौट भएका छन् ।

थुनुवा मुद्दाको संख्या ५४ थान रहेकोमा ३८ थान फस्र्यौट भई १६ थान मुद्दा बाँकी रहेका छन् । यस बाहेक अभियोग पत्र दायर भई वयान तथा थुनछेक, म्याद थप, पक्राउ पुर्जि अनुमति लगायतका निवेदन दैनिक रुपमा ईजलास समक्ष पेस भई कार्य हुँदै आएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## युवा विदेशिने क्रम रोकौं

नेपालका युवाहरू विदेश विदेशिने क्रम झनै बढ्दो छ । पढेलेखेका युवा उच्च शिक्षाका लागि भनेर अमेरिका, अस्ट्रेलिया ताक्छन् । ग्रामीण युवा रोजगारीका लागि अरबका खाडी मुलुक र मलेसिया, दक्षिण कोरिया पुग्छन् । देशमा पर्याप्त रोजगारीका अवसरहरु नहुँदा ठूलो संख्यामा युवाशक्ति विदेश पलायन हुने गरेको पाइन्छ । देशमा राजनीतिक स्थिरता कायम भई उद्योगधन्दा सञ्चालनमा आई आर्थिक विकासले गति लिन सकेको खण्डमा युवाहरु विदेश पलायन हुने थिएनन् तर त्यो हुन सकेको छैन । अहिलेको अवस्थामा युवा विदेशिनु देशकै जटिल एवं पेचिलो समस्या बन्दै गएको छ । यो अत्यन्त दुखको कुरा हो ।

उच्च शिक्षा हासिल गर्ने नाममा नेपालका उर्जाशिल युवा जनशक्ति विदेशिने क्रम तीव्ररुपमा अघि बढेको छ । नेपालमा नै बसेर उच्च शिक्षा हासिल गर्ने जनशक्ति दिन–प्रतिदिन घट्दो अवस्थामा रहेको पाइन्छ । यहाँ सम्म कि कुनै पनि महिला वा पुरुष स्वदेशभन्दा विदेश नै जान रुचाउँदैछन् । बच्चैदेखि बिदेसिने सपना साँच्ने जमात ठूलो छ । सपना नै विदेश भएको छ आजको नयाँ पुस्ताको । पढेर यो बन्ने, ऊ बन्नेभन्दा पनि बिदेसिने सपना नै धेरैको हुन थालेको छ । अहिले धेरै अध्ययनको लागि भन्दै विदेशिने गरे पनि उद्देश्य त्यहाँ गएर काम गर्नु नै हो । मुलुकमा रोजगारीको विकराल अवस्थाकै कारण जो कोही अध्ययनकै बहानामा पनि बिदेसिइरहेका छन् । अध्ययनका लागि बिदेसिनेमध्ये थोरैले मात्रै साँच्चिकै अध्ययन गर्छन्, मूल उद्देश्य त पैसा कमाउने नै हुन्छ । जहाँ गएर पनि पैसा कमाउनु, इलमी बन्नु सही नै हो । यसलाई अन्यथा लिनु हुँदैन । तर नेपालीले आर्जेको पैसा वा ज्ञान नेपालमै कसरी भित्र्याउने भन्ने चुनौती हो । त्यसतर्फ सरकारले नीति र वातावरण बनाउनुपर्छ । उद्यमशीलताको वातावरण र सुशासन कायम रह्यो भने मात्र युवाहरु स्वदेश फर्कन सक्छन् ।

युवाहरूको विदेश आकर्षण पूरै रोक्न सम्भव नहोला, तर बेरोगारीका लागि विदेसिने युवालाई स्वदेशमै कृषि व्यवसायलाई बढी उद्यमशील बनाउने दिशामा सरकारले ध्यान दिए केही हदसम्म भए पनि रोक्न सकिन्छ । साँच्चिकै मुलुक बनाउने हो भने उर्जावान युवाहरुलाई स्वदेशै राख्न सक्नुपर्छ । स्वदेशमै उद्योगधन्दा कलकारखाना सञ्चालन गरी युवाशक्तिलाई यही राखेर काम लगाउन सकेमा आफ्नै ठाउँमा रोजगारीका अवसर सिर्जना हुनुको साथै युवाहरुलाई विदेश जानबाट रोक्न सकिन्छ । यसर्थ यसतर्फ सरकार र राजनीतिक दलहरुले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

संघर्षले मानीसलाई मजबूत बनाउँछ,
चाहे उ जति नै कमजोर किन नहोस ।
*(सागर थापाको फेसबुक स्टाटसबाट www.facebook.com//thapa.sagar1147)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तानसेनको संस्कृति र लाखे नाच : अब कसले धान्छ ?




> *नेवार संस्कृतिमध्ये वर्षे नाच अन्तर्गत लाखे नाच देखाउने गरिन्छ । हिन्दू धर्म ग्रन्थमा वर्णित द्वापरयुगमा भगवान् श्रीकृष्ण र उनका मामा कंशबीचको लडाइँको अभिनय गरी यो नाच नाच्ने गरिन्छ । नेपाल भाषा वंशावलीअनुसार लाखे नाचको चलन राजा गुणकामदेवले सुरु गरेको बताइए पनि राजा प्रताप मल्लका पालादेखि मुकुट लगाएर लाखे नाच्ने गरिएको नेवार समुदायका अगुवाले बताएका छन् । संस्कृति संरक्षण गर्नु सबैको दायित्व हो, तर यसतर्फ राजनीतिक दल, सरकारले खासै चासो देखाएको देखिदैन ।*

नेपालका मौलिक नाचहरुमध्ये लाखे नाच लोकप्रिय नाच हो । जात्रा वा विशेष अवसरमा नेवार समुदायले प्रदर्शन गर्दै आएको लाखे नाच केही वर्षअघि विभिन्न अवसरहरुमा देख्न पाइन्थ्यो । तर, पछिल्लो समय देख्न मुस्किल हुन थालेको छ । लाखे नाच्न जान्ने र युवा पुस्ताले यसको महत्व नदिँदा हराउँदै गएको हो । रीतिअनुसार साउन कृष्ण पक्षको चतुर्दशीका दिन पर्ने गठेमङ्गलदेखि नै लाखे नचाउने चलन छ । गठेमङ्गलमा सुरु भएको लाखे नाचलाई तीजमा अन्त गर्ने प्रचलन विगतमा थियो । यद्यपी त्यो प्रचलन अझै पनि कतै कतै कायम रहेको पाइन्छ ।

पाल्पासहित देशभर नेवार समुदाय भएका ठाउँहरुमा यति बेला बजारको चोक-चोक र गल्लीगल्लीमा केही मान्छे बाजा बजाउँछन्, केही झ्याली पिट्छन् त केही मुखुण्डोसँगै रङ्गीविरङ्गी कपडा लगाएर नाँचेका दृश्यहरु देख्न पाइन्छ । नाच्ने मान्छेको अनुहार मुखुण्डोले छोपिएको हुँदा चिन्न सकिँदैन । साउने चतुर्दशीदेखि सुरु भएको उक्त नाच तीजको दिनसम्म नाचिन्छ । यसलाई नेवार समुदायले ‘लाखे नाच’ भन्छन् । रहेक वर्ष यसै समयमा नाचिने लाखे नाच खासमा आकर्षक र अनौठा दृश्य देख्न पाइन्छ । पहिले-पहिले लाखे नाच्ने र बाजा बनाउनेको संख्या पनि ठूलो हुन्थ्यो । तर पछिल्लो समय निकै कम भएको छ । नाच्ने तथा बजाउने कलाकार बजारमा टिकाउन नसक्दा लाखे नाच संरक्षणमा निकै चुनौती देखिएको छ । पाल्पाको तानसेन पनि नेवार सुमदायको वस्ती रहेको शहर हो । यहाँ विगतदेखि जसो तसो लाखो नाचलाई निरन्तरता दिँदै आइएको छ । संस्कृति सम्वर्द्धनमा पुराना पुस्ता खटेर लाग्न नसक्ने र नयाँ पुस्ताले बेवास्ता गर्दा पछिल्लो समय भने लाखे नाच हराउँदै गएको छ । युवा पुस्ताहरूले बेवास्ता गरेको लाखे नाँच पछिल्ला वर्षमा हराउँदै जान थाले पनि पाल्पाका केही युवाहरु जनतन त्यसलाई जोगाउन प्रयास गरिरेहका छन् । तर अब भने यसलाई कसले जोगाउने भन्ने विषय चुनौती बनेको छ । यसर्थ यहाँ तानसेनको संस्कृति र यहाँ मनाइने लाखे नाचका विषयमा केन्द्रीत रहेर चर्चापरिचर्चा गर्ने प्रयास गरिएको छ । जात्रै जात्राको शहरका रुपमा तानसेनलाई लिने गरिन्छ । सेनकालीन सभ्यतादेखि नै पाल्पाको तानसेनलाई काठमाडौंको भाइ मानिँदै आएको छ । भाषा, कला, धर्म, संस्कृति र साहित्यको उर्वर स्थलका रूपमा तानसेना परिचित छ । कत्युरीवंश, पालवंश, खसवंश, सेनवंश र शाहवंशले शासन गरेको पाल्पामा उनीहरूले अवलम्बन गरेको रीतिरिवाज, रहनसहन, कला, वास्तुकला आजसम्म पनि कहीं न कतै जीवन्त छ । विजय उत्सवका रूपमा मनाइने पाल्पाको प्रसिद्ध भगवती माईको रथयात्रा, प्रेमसँग जोडिएको लाखे नाँच, एग्रो रिलिजनसँग सादृश्य राख्ने रोपाइँजात्रा, मृत्यु गणनासँग सम्बन्धित सापारु जात्रा, प्रकृतिसँग जोडिएको बाघजात्रा आदि तानसेनका मुख्य जात्रा तथा पर्व हुन् । जात्रा पर्वको माध्यमबाट आपसी भाइचारा, विश्वास, भ्रातृत्व, भगिनीत्व र बन्धुत्वको भावना कायम रहन्छ । यसले पुस्तान्तरणलाई पनि जोडेर राख्छ । समुदायलाई एकताको बन्धनमा बाँधेर राख्ने यस्ता जात्रा, पर्व र संस्कृतिको संरक्षणमा पछिल्लो पुस्ताको आकर्षण भने बढ्न सकेको छैन ।

लाखे नाचको बारेमा व्याख्या गर्नु पूर्व पाल्पाका जात्रा र पर्वहरुको सुरुवाती अवस्था र वर्तमान अवस्थाका बारेमा थोरै उल्लेख गर्न चाहन्छु । २०१८ सालतिर पाल्पाको तानसेनमा स्व. लाले जोकर, स्व. प्रराण प्रसाद उदय, स्व.ब्रमशेखर बज्राचार्य, स्व. चन्द्रमान श्रेष्ठ, स्व.बुद्धरत्न शाक्य, स्व. थापा काका, स्व. डण्डे बाहुन, स्व. युक्तलाल चित्रकार, स्व. बाबुराम सुवाल स्व. रामबहादुर चौधरी लगायतका कलाकारहरुले छोकडा नाँच, चुइकी फिराइ, गाँठे मंगल, लाखे नाँच निकाल्ने गरेका थिए । २०२८ सालपछि भने देउराली परिवार, मित्रु सिं हेमचुरीको ग्धूप, टक्सारको मैत्री क्लव, बसपार्कको कल्याण कोष समितिबाट छोकडह्ा नाँच निकाल्ने गरेको पाइन्छ । जुन नाच प्रत्यक्ष रुपमा मुखले गाएर, हार्मोनियम, मादल, तबला सहित अन्य बाध्यवादन बजाएर केटालाई केटीको भेषभुषामा सजिएर (मारुनी र जोकर) समूह भएर नाच्ने गरिन्छ । जुन बेला सञ्चारका माध्यमहरु र अन्य मनोरञ्जनका साधन थिएनन् । त्यति बेला सो नाच हेर्नको लागि गाउँ- गाउँबाट मानिसहरु तानसेन आउने गर्थे । २/ ४ दिन तानसेनका होटल र पाटी पौवामा बास बसेर उनीहरुले नाँच हेरेर फर्कन्थे । मइन्टोल, लाल्टिन बालेर नाच हेर्ने गरिन्थ्यो । पछि सञ्चारका साधानहरु प्रसस्त मात्रमा खुल्न थाले र मनोरञ्जनका साधन पनि भए । जसका कारण यी मौलिक नाचहरु विस्तार हराउन थालेका हुन् । अर्कोतर्फ नयाँ पुस्तालाई सिकाउन नसक्दा पुरानो संस्कृति हराउने अवस्थामा पुगेको छ । लाखे नाचको कला र शिल्प पुस्तान्तरण नहुँदा समस्या निम्तिएको हो । नयाँ पुस्तामा लाखे नाच्ने मान्छे नै छैनन् । नेवार समुदायमा हुने बसाइँसराइ, युवाहरू पढ्न बाहिर जाने प्रवृत्तिले पुरानो कला, संस्कृति जोगाउन चुनौती थपिएको हो । अर्कातिर नाच/जात्राहरु खर्चिलो भएकाले पनि देखाउन कम भएको छ । सांस्कृतिक पर्वमा नाच्ने, गाउने, बजाउने पुराना पुस्ताका धेरै कलाकार अहिले काठमाडौँ, पोखरालगायतका सहरमा छन् । नयाँ पुस्तालाई पनि आफ्नो इतिहास, भाषा, कला र संस्कृतिप्रति उतिसारो रुचि छैन, पढ्न र रोजगारीका लागि बाहिर जाने प्रवृत्ति बढ्दो छ । अहिलेसम्म जेनतेन धानिएको नेवारी संस्कृति अब कसले धान्ने भन्ने अवस्था आएको छ । लाखे मात्र नभएर गाइ जात्रा, रोपाइँ, भगवती जात्रालगायतका जात्रा पर्वहरु पनि जोगाउनै धौधौको स्थिति छ । इतिहास बोकेका नाच र जात्रा हराएर जाने हुन् कि चिन्ता छ । मौलिक संस्कृति लोप हुन थालेपछि २०५२ देखी कल्याण कोष समिति (क्लव) ले त्यसको संरक्षण्मा केही चासो देखाएको हो । लोप हुने अवस्थामा पुगेका गाँठे मंगल, चुड्की फिराइ, प्रहसन, बाघजात्रा र लाखे नाच निकाल्दै आएको थियो । त्यति बेला अर्चले, बराङ्दी, बर्तुङ, काजीपौवा, धरमपानी लगायतका स्थानबाट रोपाई जात्रा निकाल्ने गरिन्थ्यो, तर पछि यहाँका स्थानीय सरकार र बजारका व्यापारीहरुबाट आर्थिक सहयोग हुन छोडेपछि यस्ता जात्रा विस्तारै देखाउन छोडियो । क्लवले पनि सहयोग नभएपछि क्रमश: छोड्दै जान थाल्यो ।

लोपउन्मूख अवस्थामा रहेको नाच मध्ये लाखे नाच पनि एक हो । यो तानसेनको रणउजेश्वरी भगवती मन्दिरमा जागरामका दिन देखाउने गरिए पनि २०६२/०६३ मा २ वर्ष त्यो देखाइएन । हरेक वर्ष लाखे देखाउँदा रमाइलो हुने र मानिसहरुको भिड हुने गरे पनि त्यो क्रमश: कम हुँदै गयो । भगवती मन्दिरमा लाखे ननिकालेपछि यहाँका कलाकारहरुले आफै भए पनि निकाल्ने अठोट गरि २०६४ देखी लाखे निकाल्न थाले । २०५२ सालदेखि नै जिल्लाको कला संस्कृतिको संरक्षणमा काम गर्दै आएको कलाकारहरुको समूह पाल्पाली नाट्य कला सांस्कृतिक समूहले २०६४ साल देखी अहिलेसम्म निरन्तर रुपमा लाखे नाच देखाउँदै आएको छ । शुरुका दिनहरुमा समूहले लाखे निकाल्दा लाखेको खप्पर मात्र राखेर निकाल्ने गरिन्थ्यो । पछि चौरीको कपालको रुपमा तानसेन बसपार्कका थमाङ सिं पौडेलले स्वीटर बुन्ने कालो ऊनीको धागोलाई कटिङ गरी कपाल बनाइदिएका थिए । २०६५ सालमा तानसेनवासीबाट केही आर्थिक, तानसेन गुठी, गुठीका पदाधीकारी र हेमन्त कोलाक्षपती, कोकील गोबिन्द श्रेष्ठ, शान्ता शाक्य, गृह मान सिं, भरत देउराली, अशोक महर्जन, स्व. श्याम कक्षपती जस्ता व्यक्तिहरुबाट लाखेको खप्पर, चौरीको बाल, ढोल, झ्याली सहयोग भएको थियो । जसले गर्दा लाखे नाचलाई थप स्तरीय बनाउन ठूलो भूमिका खेलेको कुरालाई विर्सनु हुँदैन । अर्को वर्ष थमाङ्ग बुबाबाट सिलबरको ढकनीबाट आफ्नै हातबाट कुडेर लाखेको खप्पर बनाइ दिनुभएको थियो । यसरी लाखे नाच नाँच्दै जादा तानसेनवासी र तानसेन नगरपालिका, देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान पाल्पा, पाल्पा उद्योग वाणिज्य संघ, श्रीनगर यातायात लगायत थुप्रै संघ संस्थाहरुबाट थोरै, धेरै सहयोग रहयो । जसका कारण अहिलेसम्म ३ वटा पुरुष १ वटा महिला लाखे नाच देखाउन समूह सक्षम भएको छ । एक दिन लाखे निकाल्दा २२ हजार खर्च हुने गरेको छ । कहि कतैबाट सहयोग नभए यो देखाउन पनि सम्भव छैन् ।

नेवार संस्कृतिमध्ये वर्षे नाच अन्तर्गत लाखे नाच देखाउने गरिन्छ । हिन्दू धर्म ग्रन्थमा वर्णित द्वापरयुगमा भगवान् श्रीकृष्ण र उनका मामा कंशबीचको लडाइँको अभिनय गरी यो नाच नाच्ने गरिन्छ । नेपाल भाषा वंशावलीअनुसार लाखे नाचको चलन राजा गुणकामदेवले सुरु गरेको बताइए पनि राजा प्रताप मल्लका पालादेखि मुकुट लगाएर लाखे नाच्ने गरिएको नेवार समुदायका अगुवाले बताएका छन् । संस्कृति संरक्षण गर्नु सबैको दायित्व हो, तर यसतर्फ राजनीतिक दल, सरकारले खासै चासो देखाएको देखिदैन । यो अत्यन्त चिन्ताको विषय हो । जसो तसो सहयोग जुटाएरै भए पनि पाल्पाली कलाकारहरुले यस्ता संस्कृतिहरुको संरक्षण गर्दै आएका छन् । यसलाई राम्रै मान्नुपर्छ । संस्कृतिको संरक्षण गर्नु कलाकारको मात्र दायित्व होइन, यसमा सबैको सहयोग र साथ आवश्यक रहन्छ । भाषण र कागजमा संस्कृतिको संरक्षणको कुरा गरिन्छ र लेखिन्छ पनि तर व्यवहारत: त्यो देखिदैन । पुराना पुस्ताले तसोतसो धान्दै आएका यी कला संस्कृति अब कसले धान्ने भन्ने कुरा चुनौति रहेकाले यसतर्फ तीनै तहका सरकारहरुले गम्भीर भएर सोच्ने बेला आएको छ ।

***(लेखक पाल्पाली हाँस्य व्यङ्ग्य कालाकारसँगै पाल्पाली नाट्य कला सांस्कृतिक समूहका अध्यक्ष समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अधुरो र नयाँ कार्यको थालनी हुनेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ । | **तुला** : व्यवसायमा औसत लाभ हुनेछ । वैदेशिक क्षेत्रको कार्य सफल हुनेछ । |
| **वृष** : आँटेको काममा फाइदा मिल्नेछ । मनोरञ्जनमा सहभागिता भइएला । | **वृश्चिक** : शरीरमा आलस्य आउला । अनावश्यक ठाउँमा धन खर्च होला । |
| **मिथुन** : कामहरू अगाडि बढ्नेछन् । नयाँ क्षेत्रमा लगानीको अवसर मिल्नेछ । | **धनु** : इच्छाहरु पूर्ण हुन सक्छ । एक अर्कासँग केही आशा गरिरहनु हुनेछ। |
| **कर्कट** : निर्णय कार्यान्वयन हुन सक्दैनन् आफ्नो विचार विपरित निर्णय हुनेछ । | **मकर** : समाज सेवा गरे लोकमा प्रसिद्ध भइनेछ । स्वास्थ्यमा सुधार आउला । |
| **सिंह** : जोशजाँगर र हिम्मत बढ्नेछ । अरुको मन जित्न पनि सकिनेछ । | **कुम्भ** : आफन्त सँगको सम्बन्धमा सुमधुर रहनेछ । तीर्थाटनको योग पनि छ । |
| **कन्या** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ । कार्य क्षेत्रमा प्रगति हुनेछ । | **मीन** : स्वास्थ्यमा सुधार आउनेछ । अचल सम्पत्ति हात पर्ने योग छ । |

# कृषि

# मनसुन अनुकूल रहँदा धान रोपाइँ बढ्यो



यसवर्ष मनसुन अनुकूल रहँदा अघिल्लो वर्षको तुलनामा धान रोपाइँ बढेको छ । कृषि तथा पशुपक्षी मन्त्रालयकाअनुसार अहिलेसम्म मुलुकभर ९२ दशमलव ४ प्रतिशत रोपाइँ सकिएको छ । जबकि गएको वर्ष यही अवधिसम्म जम्मा ७८ दशमलव १ प्रतिशत रोपाइँ भएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ ।

मन्त्रालयकाअनुसार यस वर्ष १२ लाख ९२ हजार दुई सय २१ दशमलव ६ हेक्टर क्षेत्रफलमा रोपाइँ सकिएको छ । देशभर धान रोपाइँ हुने क्षेत्रफल १३ लाख ९८ हजार दुई सय ७३ हेक्टर रहेको छ । तथ्याङ्कअनुसार सबैभन्दा बढी रोपाइँ सुदूरपश्चिममा र कम रोपाइँ मधेस प्रदेशमा भएको छ । पूर्वक्षेत्रमा ढिलोगरी धान राप्ने भएकाले पनि रोपाइँ कम भएको देखिन्छ । सबै प्रदेशमा नै अघिल्लो वर्षको तुलनामा यो वर्ष बढी रोपाइँ भएको छ । यस वर्ष कोशी प्रदेशमा ९० दशमलव ७ प्रतिशत, मधेस प्रदेशमा गत वर्ष ५८ दशमलव ८ प्रतिशत, बाग्मती प्रदेशमा ९० दशमलव ८ प्रतिशत, गण्डकी प्रदेशमा ९१ दशमलव ९ प्रतिशत, लुम्बिनी प्रदेशमा ९१ दशमलव ३ प्रतिशत, कर्णाली प्रदेशमा ९६ दशमलव ६ प्रतिशत रर सुदूरपश्चिममा प्रदेशमा ९९ दशमलव ३ प्रतिशत रोपाइँ सकिएको मन्त्रालयले जनाएको छ ।

कृषि तथा पशुपक्षी मन्त्रालयकाअनुसार देशभर झण्डै ५९ प्रतिशत रोपाइँ मनसुनी वर्षाकै भरमा हुने गर्छ । सबै क्षेत्रमा सिँचाइको पहुँच पुग्न नसक्दा ५० प्रतिशतभन्दा बढी रोपाइँ आकाशबाट पर्ने पानीकै भरमा हुने गरेको छ ।

यसले गर्दा धेरै किसानले आकाशबाट कहिले पानी पर्ला भनेर कुर्नुपर्ने अवस्था रहेको छ । कृषि मन्त्रालयका सूचना अधिकृत महानन्द जोशीले यस वर्ष राम्रो वर्षा हुँदा गएको वर्षको तुलनामा धान रोपाइँ राम्रो भएको जानकारी दिए । उनीकाअनुसार यस वर्ष शतप्रतिशत नै रोपाइँ हुने अपेक्षा गरिएको छ । समयमा नै रोपाइँ हुँदा यस वर्ष धान उत्पादनमा पनि मन्त्रालयले जनाएको छ ।

राष्ट्रिय धान अनुसन्धान कार्यक्रमका संयोजक डा.मथुरा यादवले राम्रो वर्षा हुँदा र समयमा नै धान रोपाइँ सकिएमा धानको उत्पादन बढ्ने बताए । कृषि मन्त्रालयको तथ्याङ्कअनुसार गएको आर्थिक वर्षमा धानको कूल उत्पादन अघिल्लो आर्थिक वर्षभन्दा चार दशमलव ३३ प्रतिशतले वृद्धि भई ५७ लाख २४ हजार २ सय ३४ मेट्रिक टन पुगेको थियो । जुन विगत चार वर्षको औसत उत्पादनको तुलनामा ६ प्रतिशतले बढी हो ।

*-उज्यालो खबर डटकम*

## कृषि मन्त्रालयका कर्मचारी पुन: आन्दोलनमा



कृषि तथा पशुपन्छी विकास मन्त्रालयका कर्मचारीहरू फेरि आन्दोलनमा उत्रिएका छन् ।

विगत एक महिना यता प्राविधिक समूहतर्फका कर्मचारीहरू आन्दोलनमा उत्रिएका हुन् । नेपाली कांग्रेस र नेकपा एमालेको सरकार बनेपछि कृषि तथा पशुपन्छी विकासमन्त्रीको रूपमा मन्त्रालय सम्हालेका रामनाथ अधिकारीले समस्या समाधानको लागि केही समय दिन माग गरेपछि कर्मचारीहरूले आन्दोलन स्थगित गरेका थिए । तर आजका दिनसम्म पनि माग पूरा नभएको भन्दै उनीहरूले पुन: आन्दोलन सुरू गरेका हुन् । कर्मचारीहरू समायोजनपछि बढुवा नभएको भन्दै उनीहरूले मन्त्रालयको प्रवेश द्वारमा धर्ना बसेका छन् । संघमा समायोजन भएका कृषि सेवाअन्तर्गत कृषि तर्फका थप समायोजन भएको जनशक्ति रहेको ३२८ जना समेतको स्थायी दरबन्दी कायम गरी रिक्त पदमा नियमित पदपूर्ति हुने व्यवस्था गर्नुपर्नेजस्ता माग राखेर कर्मचारी आन्दोलनमा छन् । उनीहरूले संघमा समायोजन भएका कृषि सेवाअन्तर्गत कृषि तर्फका प्राविधिक कर्मचारीहरूको न्यायोचित वृत्ति विकास सुनिश्चित हुनुपर्ने र कृषि सेवाको कृषि तर्फका समूहको हकमा सर्वोच्च अदालतबाट रिक्त रहेको पदमा पदपूर्ति हुन भएको परमादेश कार्यान्वयन हुनुपर्ने माग पनि राखेका छन् । संविधान र कार्यविस्तृतीकरण प्रतिवेदनमा उल्लेख भएअनुसार संघीय निकायको कार्यविवरणको आधारमा उपयुक्त संगठनात्मक संरचना निर्माण गर्नुपर्ने माग पनि उनीहरूको छ ।

धर्नामा बसेका कर्मचारीहरूले समायोजनमा चाहिनेभन्दा बढी सङ्ख्यामा केन्द्रमा कर्मचारी राखिएका कारण वृत्ति विकासमा समस्या भएको भन्दै दरबन्दी प्राप्तिका लागि ताकेता गर्दा पनि सुनुवाइ नभएपछि बाध्य भएर आन्दोलनमा उत्रनुपरेको बताए । बिहीबारको धर्नाका क्रममा सञ्चारकर्मीहरूसँग कुरा गर्दै २०७५ सालमा समायोजनबाट भएका त्रुटीहरू सच्याउँदै वृद्धि विकास कार्यलाई सुरू गर्न माग गरेको उनीहरू बताउँछन् । कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत समायोजन भएका ३७८ जना कर्मचारीहरूको पदस्थापन नगरीकन आयोजना र परियोजनामा काममा खटाउने गरेको उनीहरूले बताए ।

ऐनले दिएको अधिकार प्रयोग गर्दै हरेक ठाउँका माथिल्ला पदहरूमा अवकाश, राजीनामा वा अन्य कारणबाट रिक्त रहेका पदमा वृद्धि विकासको बाटो सुरू हुनुपर्ने उनीहरूले बताए । कर्मचारी समायोजन अध्यादेश २०७५ अनुसार सरकारले समायोजन हुन प्राथमिकताका आधारमा निवेदन दिने व्यवस्था थियो। सोहीअनुसार कृषि सेवाका सबै कर्मचारीहरूले आवेदन दिएका थिए । निवेदन नदिएको कारण समायोजनमा बाधा नपर्ने भएकोले निवेदन नदिएको वा जहाँ रोजेको भए पनि नियमानुसार समायोजन भएको थियो । समायोजन गर्दा कर्मचारीले अनलाइन प्रणालीमा प्राथमिकता तय गर्नसक्ने प्रावधान रहेको र सोहीअनुरूप कृषि क्षेत्रका समूहहरूले पनि प्राथमिकता राखी समायोजन भएको थियो । *–न्युज एजेन्सी नेपाल*

## गाउँगाउँबाट कृषि 'एम्बुलेन्स'ले ल्याउँछ तरकारी




पोखरा महानगरपालिका-७ माछापुच्छ्रे टोलकी आस्था गिरी सोमबार साँझ आफ्नै घरछेउमा थरिथरिका तरकारी किन्न पाउँदा मख्ख थिए । त्यहाँ उनीजस्ता धेरै गृहिणीको तरकारी किन्न भीड नै लागेको थियो ।

कृषि एम्बुलेन्सले गाउँगाउँबाट लिएर आएका तरकारी बिक्रीका लागि पोखरा महानगरपालिकाले वडा नं ७ को रत्नचोकमा सोमबारदेखि किसान बजार सञ्चालनमा ल्याएपछि उपभोक्तामा खुसी छाएको छ । फर्सीका मुन्टा, गोलभेँडा, करेलालगायत तरकारी हातमा लिएर आस्थाले भनिन्, 'पृथ्वीचोकतिर पुगेर तरकारी ल्याउने गरेका थियौँ, यसरी घर नजिकै छानीछानी ताजा तरकारी पाउँदा खुसी लागेको छ । यो बजार निरन्तर सञ्चालन भए अझ दैनिक ताजा तरकारी पाइथ्यो कि'

स्थानीय उत्पादन उपभोगलाई प्रवर्द्धनका लागि पोखरा महानगरपालिकाले पोखराका विभिन्न स्थानमा किसान बजार सञ्चालनमा ल्याएको छ । महानगरले गाउँमा उत्पादन भएका कृषि उपज बजारसम्म ल्याउनका लागि कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको छ । कृषि एम्बुलेन्सले महानगरका ग्रामीण बस्तीमा उत्पादित तरकारी नि:शुल्क रूपमा बजारमा बिक्री वितरणमा सहयोग पुगेको छ । गत वर्षदेखि महानगरले कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको थियो । कृषि एम्बुलेन्सले उत्पादक र उपभोक्तालाई जोड्ने काम गरेको महानगर कृषि तथा आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले बताए। उहाँका अनुसार पोखराका सात ठाउँमा सातामा एक दिन किसान बजार सञ्चालन हुने गरेकामा माग बढ्दै गएकाले केही वडामा सातामा दुई दिन बजार सञ्चालन हुने गरेको छ ।

ग्रामीण भेगका साना किसानले उत्पादन गरेको कृषि उपज संकलनका लागि महानगरका २१ स्थानमा सङ्कलन केन्द्र स्थापना गरिएको र ती ठाउँमा एम्बुलेन्स पुगेर कृषि उपज बजारमा ल्याउने गरेको महाशाखा प्रमुख कडरियाले बताए । 'ठूला किसानले आफ्नै गाडीबाट ल्याएर बजारमा बिक्री गरे पनि साना किसानले त्यसरी बिक्री गर्न सक्दैनन् । अहिले किसानले आफूले उत्पादन गरेका कृषि उपज संकलन केन्द्रमा लिएर आउनुहुन्छ, कृषि एम्बुलेन्सले त्यहाँबाट बजारसम्म ल्याउने गर्दछ । अहिले उत्पादकको उत्पादनले राम्रो बजार पाएको छ भने उपभोक्ताले स्वस्थ, विषादीरहित र ताजा कृषि उत्पादन उपभोग गर्न पाउनुभएको छ', प्रमुख कडरियाले भने । कृषि एम्बुलेन्स सञ्चालनसँगै बजारका उपभोक्ताले विषादीरहित ताजा तरकारी उपभोग गर्न पाएको बताइन्छ । बाहिरबाट ल्याउँदा तरकारी क्षति हुने, प्रदूषित हुने गरेकामा अहिले एकदेखि दुई घण्टामा उत्पादकदेखि उपभोक्तासम्म आइपुग्ने अवस्था रहेको महाशाखा प्रमुख कडरियाले बताए । उनले भने, 'बाहिरबाट तरकारी ल्याउँदा क्षति हुने गरेको थियो । प्रदूषितसमेत हुन्थ्यो । चिस्यान सुविधासहितको एम्बुलेन्समा राखेर ल्याउँदा तरकारी बिग्रिँदैन । एक-दुई घण्टामा उत्पादकदेखि उपभोक्तासम्म आउने गरेको छ।' कृषि उपजमा हुने क्षति कम, उत्पादन क्षेत्रदेखि बजार केन्द्रसम्म सुरक्षित उपज ढुवानी, बजारीकरण र बिचौलियापनको अन्त्य, किसानलाई तरकारी बजारसम्म पुर्याउन हुने तनावको अन्त्य, स्थानीय उत्पादनलाई प्रोत्साहन र उपभोक्ताको घरघरमा ताजा तरकारीको उपलब्धतामा एम्बुलेन्सले सहयोग पुगेको बताइन्छ ।

*-डिसीनेपाल डटकम*


## यात्री सुइटस एण्ड स्पा पब्लिक लिमिटेड को ९९ शैयाको बेड संख्याको होटेल सञ्चालन गर्न प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

*(प्रथम पटक प्रकाशित मिति २०८१/०४/२० गते)*

**यात्री सुइटस एण्ड स्पा पब्लिक लिमिटेड** ले बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका २६ मा **९९ शैयाको बेड संख्याको होटेल** सञ्चालनको लागि प्रस्ताव गरेको छ ।

**प्रस्तावक नाम र ठेगाना : यात्री सुइटस एण्ड स्पा पब्लिक लिमिटेड,** काठमाडौं महानगरपालिका २६ अमृत मार्ग

**प्रस्तावको व्यहोरा**

**स्थान :** काठमाडौं महानगरपालिका २६, **अमृत मार्ग**

**कित्ता नं : ४७५,२३७५, २३७८,२३७४,२३७६,२३७७,२०३८**

**उद्देश्य : ९९ शैयाको बेड संख्याको होटेल सञ्चालन** गर्ने ।

**क्षमता : ९९ शैया**

बागमती प्रदेश, संस्कृति, पर्यटन, तथा सहकारी मन्त्रालयको मिति २०८१/०३/१७ को सचिवस्तरीय निर्णयबाट प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको कार्यसूची प्रतिवेदन स्वीकृत भएको थियो ।

**आयोजना प्रभावित क्षेत्र सम्बन्धी विवरण**

| | |
|---|---|
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा. वडा नं** | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका २६, **अमृत मार्ग** |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली , सामाजिक प्रणाली , संस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको न.पा तथा त्यस क्षेत्रको विद्यालय , अस्पताल,स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| **प्रस्तावक** | **परामर्शदाता** |
|---|---|
| **कम्पनीको नाम :** यात्री सुइटस एण्ड स्पा पब्लिक लिमिटेड | राज बन्धु सर्विसेस प्रा.लि |
| **रजिस्टर्ड कार्यालय :** काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका २६, अमृत मार्ग | बालुवाटार, ४ काठमाडौं |
| **फोन :** ०१-४४२३९४७ | फोन : ९८४१८७११९९ |
| **इमेल :** info@hotelbuddy.com.np | **इमेल :** rajbandhu_services@yahoo.com |

# सञ्चारिका पाल्पामा नयाँ नेतृत्व, अध्यक्षमा डोटेल





**पाल्पा,** साउन १९/महिला पत्रकारहरुको साझा संस्था सञ्चारिका समूह नेपाल पाल्पामा नयाँ नेतृत्व चयन भएको छ । जिल्लामा क्रियाशिल महिला पत्रकारको तानसेनमा भएको भेलाले पत्रकार सीता डोटेलको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।

लामो समय पाल्पाको रामपुरमा रहेर सक्रिय पत्रकारिता गर्दै आएकी डोटेल यस अघि समूहको महासचिव थिइन् । उनले विशेष गरी ग्रामीण क्षेत्रका महिलाहरुका मुद्धाहरुमा कलम चलाउदै आएकी छन् । अध्यक्षमा चयन भएसँगै पत्रकार डोटेलले सञ्चार माध्यममा महिलाका मुद्दालाई सम्बोधन गराई समतामूलक समाज निर्माणमा सक्रिय भएर लाग्ने प्रतिवद्धता व्यक्त गरेकी छन् । भेलाले समूहको उपाध्यक्षमा गुणवती के.सी., महासचिवमा रिमा सोमै, सचिवमा रुपा थापा, कोषाध्यक्षमा बबिता बिष्टलाई चयन गरेको छ । यस्तै सदस्यहरुमा प्रेरणा नेपाल, रमा भण्डारी, सिर्जना कार्की, मिना कुमाल, कुमारी सीता ज्ञवाली गौतम र पवित्रा पराजुली रहेको सञ्चारिका समूह लुम्बिनी प्रदेश सदस्य तथा निर्वाचन समिति संयोजक गीता ज्ञवालीले जानकारी दिइन् । भेलाले समूहको सल्लाहकार समेत चयन गरेको छ । जसमा लुम्बिनी प्रदेश सदस्य गीता ज्ञवाली, नेपाल प्रेस युनियन पाल्पाकी अध्यक्ष मन गहिरे र जमुना पाण्डेलाई चयन गरेको छ । यस अघि समूहको जिल्ला अध्यक्षमा विन्दु थापा निहारीका रहेकी थिइन । विविध कारणले उनले अध्यक्षबाट राजीनामा दिए पछि पुनः समिति चयन गरिएको थियो । सञ्चारिका समूह नेपाल लुम्बिनी प्रदेश समितिले गत महिना बसेको भेलाबाट पाल्पामा सस्थाको शाखा गठनका लागि प्रदेश सदस्य गीता ज्ञवाली, प्रेस युनियन पाल्पाका अध्यक्ष मन गहिरे र गुणवती केसी रहेको ३ सदस्यीय निर्वाचन समिति तोकेको थियो ।

## खेलकुद समाचार

### नेपालले जित्यो काभा महिला बीच भलिबल




**काठमाडौं, साउन १९/** काभा महिला बीच भलिबलको उपाधि नेपालले जितेको छ । भुटानको थिम्पुमा भएको फाइनल खेलमा नेपालका कमला पुन र मनीषा चौधरीको जोडीले उज्वेकिस्तान 'ए' टिमलाई २-० को सेटमा पराजित गर्दै उपाधि जितेको हो । नेपालले उज्वेकिस्तान 'ए' लाई २१-१७, २१-१४ ले पराजित गर्‍यो । नेपालले सबै पाँच खेलमा अपराजित रहँदै उपाधि जितेको हो । यस्तै पुरुषतर्फ नेपाल दोस्रो भएको छ । नेपालको मानबहादुर श्रेष्ठ र दिलबहादुर सुनारको जोडी फाइनलमा माल्दिभ्सको जोडीसँग २-० को सेटमा पराजित भएर दोस्रो भएको हो ।

## अर्थ/कर्पोरेट समाचार

# कतारबाट रेमिटेन्स पठाउन सम्झौता



**पाल्पा,** साउन १९/ग्लोबल आइएमई बैंक लिमिटेड र कतारमा अवस्थित गल्फ एक्सचेन्ज कम्पनीबिच कतारबाट नेपालमा सहज रूपमा रेमिटेन्स पठाउनेसम्बन्धी सम्झौता भएको छ । सम्झौताअनुसार रोजगारको सिलसिलामा कतारमा रहेका नेपालीहरूले गल्फ एक्सचेन्जको १७ वटा शाखा तथा गल्फ एक्सचेन्जको रेमिटेन्स एपबाट ग्लोबल रेमिट मार्फत सहज रूपमा नेपालमा रेमिटेन्स पठाउन सक्नेछन् । यसरी ग्लोबल रेमिट मार्फत पठाएको रकम ग्लोबल आइएमई बैंकको सम्पूर्ण शाखा कार्यालयहरू तथा नेपाल भरी रहेको आइएमई लिमिटेड र जीएमई रेमिटको ५०,००० भन्दा बढी एजेन्टहरूबाट भुक्तानी लिन सकिनेछ । साथै, यसै सम्झौता अनुसार कतारमा रहेका नेपालीहरूले आफ्नो तथा परिवारको ग्लोबल आइएमई बैंकको तथा नेपालको अन्य बैंक तथा वित्तीय संस्थामा भएको बैंक खातामा सहज रूपमा रेमिटेन्स पठाउन सक्नेछन् ।


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८१ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१



वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१



## हार्दिक बधाई तथा शुभकामना



यस बेथल भुपु विद्यार्थी समाजका संरक्षक, बेथल इङ्लिस बोर्डिङ सेकेण्डरी स्कुल तानसेन, पाल्पाका निवर्तमान प्रिन्सिपल, तथा हाम्रा आदरणीय गुरु **श्री खेमबहादुर सारु** ज्यू लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्री जस्तो गरिमामय पदमा नियुक्त हुनु भएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उत्तरोत्तर प्रगति एवं सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।

| समिर मल्ल | सौगात कार्की | लिनिशा गाहा थापा |
|---|---|---|
| सचिव | निवर्तमान अध्यक्ष | अध्यक्ष |

एवं

**बेथल भू.पू. विद्यार्थी समाज (बेथल स्कुल) परिवार**
तानसेन, पाल्पा



## सन्तोष चलचित्र मन्दिरमा...




सन्तोष चलचित्र मन्दिर तानसेनमा भव्यताका साथ दैनिक ३ शो प्रदर्शन भइरहेको छ अत्याधिक दर्शकले मन पराएका नेपाली चलचित्र 'शिरफूल', 'मोदीबेनी' र हिन्दी चलचित्र 'औरों मे कहाँ दम था'

पहिलो शो : ११:३० बजे नेपाली चलचित्र 'शिरफूल', दोस्रो शो : २:३० बजे नेपाली चलचित्र 'मोदीबेनी' र तेश्रो सो साझ ५:३० बजे हिन्दी चलचित्र 'औरों मे कहाँ दम था'



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई